वर्ष : २०, अंक : ०९, काठमाडौं, २०८१ असार ७ गते शुक्रबार, 21 June, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## संघीयता विरोधीहरूलाई दरिलो झापड : यादव




जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले जनकपुरधाममा सम्पन्न एकताको राष्ट्रिय महाधिवेशनले संघीयता विरोधिहरु माथी दरिलो झापड प्रहार गरेको बताएका छन् ।

महाधिवेशनबाट निर्विरोध निर्वाचित अध्यक्ष यादवको सम्मानमा जसपा धनुषाले आयोजना गरेको सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले महाधिवेशनको उद्घाटन सत्रमा उपस्थित भिडले जसपालाई कमजोर गरेर संघीयतालाई समाप्त पार्ने मनसुबा बोकेकाहरु दरिलो झापड भेटेको प्रतिक्रिया दिएका हुन् ।

संघीयता पक्षधर मधेशी, आदिवासी, जनजाति, महिला, मुस्लिम लगायतका शक्तिहरु एकजुट रहेको सन्देश जनकपुर महाधिवेशनले दिएको उल्लेख गर्दै अध्यक्ष यादवले मौसमको प्रतिकुलता, सत्ता पक्षको षड्यन्त्रका बिच समर्थकहरुको अपार उपस्थितिले जनतासँग जसपा र जसपासँग जनता रहेको पुष्टि भैसकेको दाबी समेत गरे ।

हिमाल, पहाड र मधेशको एक्यबद्धताले जनता समाजवादी पार्टीको बेगलाई अब कसैले रोक्न नसक्ने पुष्टि भैसकेको भए पनि संघीयता विरोधीहरुले भविष्यमा गर्न सक्ने षड्यन्त्रलाई पराजित गर्नका लागि सचेत रहन नेता कार्यकर्ताहरुलाई निर्देश समेत दिए ।

जिल्ला अध्यक्ष पशुपति यादवको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रदेश अध्यक्ष बालकिशोर यादव, नेताहरु हरिनारायण यादव, डा. सुरेन्द्र यादव, लाल किशोर साह, स्थानीय आयोजन समितिका संयोजकहरुको उपस्थिति रहेको थियो ।

## 'नेपाल-भारत खुला सीमा वैज्ञानिक तरिकाले व्यवस्थापन गर्नुपर्छ'



जनकपुरधाम । नेपाल र भारतबीचको सम्बन्ध अझ सुमधुर तथा यथावत राख्न खुला सीमालाई वैज्ञानिक तरिकाले व्यवस्थापन गर्नु पर्नेमा एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् ।

नेपाल-भारत खुला सीमा संवाद समूह सिरहाले बिहीबार सिरहामा आयोजना गरेको 'नेपाल-भारत खुला सीमा सुमधुर सम्बन्धको आधारशिला' विषयक अन्तरक्रिया कार्यक्रमका वक्ताहरुले सीमा थप व्यवस्थापन गर्नुपर्ने बताएका हुन् ।

संवाद समूहका केन्द्रीय अध्यक्ष राजीव झाले खुला सीमामा पछिल्लो समय चेकजाँचको नाममा सर्वसाधारणलाई दुबै देशका सुरक्षकर्मीबाट दुर्व्यबहार झेल्नु परेको जिकिर गरेका छन् । उनले भारतीय सुरक्षाकर्मी एसएसबी र नेपाली सुरक्षाकर्मी सशस्त्र प्रहरीको यस्ता कार्यले सदियौंदेखिको रोटीबेटीको सम्बन्धमा दरार पैदा हुँदै गएको तर्क गरेका हुन् ।

'खुला सीमाले हुने तस्करी, लागूऔषध ओसारपसार, अपराध प्रहरी प्रशासनले नै नियन्त्रण गर्न सक्छन् । तर त्यतातिर ध्यान दिँदैन । तस्करलाई रोक्न सक्दैन । तर त्यसको नाममा दुबै देशका आमसर्वसाधरणलाई अनावश्क दुःख दिने काम बढेको छ। यसले दुबै देशको सदियौंको सम्बन्धमा दरार पैदा भइरहेको छ', उनले भनेका छन् ।

दुबै देशका सरकारले सुरक्षा निकायमा जनतासँग राम्रो व्यवहार गर्न निर्देशन दिनुपर्ने उनले बताए । सीमामा अपराध तस्करी रोक्न तारजाली गर्नु समस्याको समाधान नरहेको भन्दै खुल्ला राखेर पनि वैज्ञानिक पद्धति अपनाएर व्यवस्थित गर्न सके दुबै देशको सम्बन्ध प्रगाढ भइराख्ने उनको तर्क छ ।

देशमा आर्थिक संकट भएको बेला १ हजार ७५१ किलोमिटर खुल्ला सीमामा तारजाली गर्नु उचित नहुने उनले बताए ।

भारतको कम्युनिष्ट पार्टी मालेका नेता भुषण सिंहले खुल्ला सीमा व्यवस्थपनका लागि अभियान चलाउनु पर्नेमा जोड दिए । सीमा सुदृढिकरण नभए अपराध मौलाउँदै जाने र सुरक्षाकर्मीको व्यबहारले सम्बन्धमा थप तिक्तता हुने उनको भनाइ थियो ।

सिरहाका प्रवुद्ध नागरिक समाजका अगुवा डा. रामप्रताप यादवले सीमा सम्बन्धी कानुन नीति सुधार आवश्यक रहेको बताए । दुबै देशले राष्ट्रियता बचाएर तस्करी, अपराध न्यूनिकरण गर्दै सुमधुर सम्बन्ध अनुकुल बनाउनु पर्ने विचार उनले व्यक्त गरे ।

प्रोफेसर चन्देश्वर प्रसाद यादवले अपराध न्युनिकरणको विषयमा विचार गर्दै खुल्ला सीमा विषयमा मन्थन गर्नुपर्ने अवश्यक्ता रहेको बताए ।

## मधेश प्रदेशको नीति तथा कार्यक्रम सर्वसम्मतले पारित




जनकपुरधाम । मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रदेशसभाबाट सर्वसम्मतले पारित भएको छ ।

प्रदेशसभाको बिहीबार बसेको बैठकमा नीति तथा कार्यक्रममाथि उठेका प्रश्नहरूको जवाफ दिँदै मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेशसभाका सदस्यहरुले राखेको सुझावहरू बजेटमा समेट्ने प्रतिबद्धता प्रकट गरेका थिए ।

उनले मधेश प्रदेश सरकारले बोलेर होइन काम गरेर देखाउने पक्षमा रहेकाले काम गर्नका लागि सबैसँग सहयोगका लागि आग्रह समेत गरे ।

यसअघि नीति तथा कार्यक्रममा नेपाली काँग्रेसका प्रदेशसभा सदस्य विरेन्द्र प्रसाद सिंहले राखेको संशोधन प्रस्ताव फिर्ता लिएका थिए ।

मुख्यमन्त्री सिंहले पारित गर्नका लागि प्रदेशसभामा पेश गरेको नीति तथा कार्यक्रमलाई उपसभामुख बबिता कुमारी राउत ईशरले निर्णायार्थ पेश गरेकी थिइन् । उक्त प्रस्ताव ध्वनि मतको आधारमा सर्वसम्मतिले पारित भएको हो ।

## राष्ट्रिय मुक्ति क्रान्तिको एकमहिने १०१ कार्यक्रम सम्पन्न



काठमाडौं । राष्ट्रिय मुक्ति क्रान्तिको दोस्रो चरणको १०१ कार्यक्रमहरु देशव्यापीरुपमा सम्पन्न भएको छ ।

राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै दोश्रो चरणको १०१ वटा कार्यक्रमहरू सम्पन्न गर्ने कार्ययोजना वमोजिम देशभरी कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भएकोमा सम्पूर्ण नेता, अभियन्ता, जनसमुदाय तथा सहयोगी, शभेच्छुक, शुभचिन्तक, पत्रकारहरूलाई हार्दिक आभार सहित धन्यवाद ज्ञापन गरेका छन् ।

यसै सन्दर्भमा असार ४ गते केन्द्रिय कार्यक्रम अन्तर्गत काठमाडौंमा विशाल जनप्रदर्शन गर्ने कार्यक्रम तय भएकोमा देशभरिको कार्यक्रमहरुमा सबै नेतृत्वहरू व्यस्त रहेकोले पर्याप्त तयारी हुन नसक्दा हाल सो कार्यक्रम स्थगन गर्ने निर्णय भएवमोजिम कार्यक्रम स्थगन गरिएको महतोले जनाएका हुन् ।

काठमाडौंको विशाल जनप्रदर्शन कार्यक्रमको मिति पुनः छलफल गरि सार्वजानिक गरिने उनले बताए ।

साथै, महतोले इस्लाम धर्मावलम्बीहरूको महान पर्व वकर ईदको पावन अवसरमा सुख, समृद्धि एवम् शान्तिको मंगलमय हार्दिक शुभकामना व्यक्त गरेका हुन् ।

## सर्लाहीको विद्यालयमा पूर्वप्रदेश प्रमुखद्वारा शैक्षिक सामग्री वितरण



सर्लाही । मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा.राजेश अहिराजले सर्लाहीको एक सामुदायिक विद्यालयमा शैक्षिक सामग्री वितरण गरेका छन् ।

जिल्लाको बरहथवा नगरपालिका-१४ सैतपुरस्थित श्री जनता सामुदायिक प्राथमिक विद्यालयमा पूर्वप्रदेश प्रमुख डा.अहिराजले राष्ट्र निर्माता पृथ्वीनारायण शाहको तस्वीर अंकित पुस्तिका वितरण गरेका छन् ।

सर्लाही जिल्ला भ्रमणको क्रममा डा.अहिराजले विद्यालयको निरीक्षण गर्दै करिब एक सयभन्दा बढी विद्यार्थीलाई पुस्तिका वितरण गरेका हुन् ।

## 'चुरिया क्षेत्रको दोहन रोक्न निषेधित क्षेत्र घोषणा गर्नुपर्छ'

काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं सांसद प्रभु साहले मधेशमा चापाकल सुकिरहेको भए पनि सरकार मौन बस्नु दुर्भाग्य भएको बताएका छन् । चुरियाको दोहनले मधेसका चापाकल सुकिरहेको बताउँदै उनले सरकार यस्तो गम्भिर बिषयमा मौन किन बसेको भन्दै प्रश्न उठाएका छन् ।

वन, खानेपानी, पर्यटन तथा संचार मन्त्रालयका विभिन्न शीर्षकको बजेट माथिको छलफलमा शुक्रबार बसेको प्रतिनिधिसभा बैठकमा सांसद साहले चुरेको संरक्षण गर्नुपर्ने जोड दिदै सरकारले निश्चित मापदण्ड बनाउँनुपर्ने ध्यानाकर्षण गराए ।

'चुरिया क्षेत्रमा हुने उत्खनन, जंगल कटान, बसोबास, निर्माण लगायत कार्यहरुको निश्चित मापदण्ड बनाइयोस् । त्यो क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरियोस । अनिमात्रै हामीले चुरियादोहन रोक्न सक्छौं' साहले भने, 'तर दुर्भाग्य सरकारको बजेटमा यो कार्यक्रम कतै देख्न पाइएन् । मधेसमा खानेपानीको ठुलो हाहाकार छ । पानी पाईरहेको छैन् । सरकारले बजेटमार्फत सम्बोधन गर्छ भनेको त केही आएको छैन् । चापाकलका पानी सुकिरहेका छन् । पानीटंकी शोको लागि छ, सञ्चालनमा छैन । यसलाई अगाडी बढाउँन हामीले ठोस कार्यक्रमको अपेक्षा गरेका थियौं तर सरकारको कार्यक्रममा किन परेन हामी जान्नचाहन्छौं । काठमाडौंमा मेलम्ची खानेपानीको जसरी चर्चा छ त्यो व्यवहारमा छैन् । कहिले आउँने कहिले बन्द हुने ।'

जंगली जनावरबाट पीडित किसानहरुलाई सरकारले क्षतिपुर्तिको व्यवस्था किन नगरेको भन्दै उनले सरकारसंग जवाफ माग गरेका छन् । पूर्वमन्त्री समेत रहेका सांसद साहले जंगली जनावरबाट पीडित किसानहरुलाई बजेटले सम्बोधन नगरेको भन्दै आक्रोश व्यक्त गरे ।

'जंगली जनावरबाट पीडित किसानलाई क्षतीपुर्ति दिनका लागि किन बजेट छुट्याइएन, म सरकारसंग सोध्न चाहन्छु । कानूनमा पीडितलाई क्षतिपुर्ति दिने व्यवस्था भएपनि सरकारले बजेट नछुट्याउनुको कारण के होला हामी जान्न चाहन्छौं' साहले भने, 'बदेल, निलगाई, बादर जस्ता जंगली जनावरका कारण अर्बौंको क्षति भएको छ । किसानहरुको ढाडभाचिएको छ । कानूनले गरेको व्यवस्था अनुसार क्षतिपुर्ति किसानले नपाउँने अन्यायपूर्ण अवस्था कहिलेसम्म रहन्छ, हामी जान्न चाहन्छौं ।'

यस्तै नेपाली काठहरु कुहिएर सकिने र नेपालीले विदेशी काठ सदुपयोग गर्नुपर्ने बाध्यता कहिलेसम्म रहन्छ भन्ने बारेमा समेत उनले प्रश्न गरे । विदेशी काठले नेपालमा बजार पाउँने दुर्भाग्यपूर्ण अवस्थाको अन्त्य कहिले हुने भन्ने बारेमा उनले सरकारसंग जवाफ माग गरेका छन् ।

विश्वसम्पदा सूचीमा सूचिकृतका लागि सिफारिस हुने मापदण्डको बारेमा प्रश्न उठाउँदै उनले केका आधारमा सिफारिस हुने गरको भन्ने बारेमा समेत प्रश्न उठाएका छन् । पशुपति विकास कोष, लुम्बिनी बिकास कोष, जनकपुर बृहत बिकास कोष लगायतलाई बजेट छुट्याउँदा सरकारले विभेदपूर्ण तरिकाले जनकपुर बृहत बिकास कोषलाई किन थोरै बजेट छुटयाएको भन्दै साहले प्रश्न गरे ।

'पर्यटनको क्षेत्रमा हामीले जुन विश्वसम्पदा सूचीमा सुचिकृतका लागि सिफारिस गर्छौं त्यो केका आधारमा गर्छौं । कुनै निश्चित क्षेत्रको दर्जनौ पर्ने तर पर्यटनको आधार, मोडेल रहेको क्षेत्र एउटा पनि नपर्नु दुर्भाग्यपूर्ण अवस्थाको अन्त्य कहिले हुने हो ?' साहले भने, 'भगवान शिवको विवाहको महोत्सवको रुपमा मनाउँने मधानी महोत्सव दुनियालाई थाहा छ । देशविदेशका मान्छेहरु त्यसमा रमाउँछन तर हाम्रो सरकारलाई थाहै छैन्, मन्त्रीजीलाई थाहै छैन् । म माननिय मन्त्रीज्यूलाई भन्न चाहन्छु तपाई एकचोटी सुन्नुपर्यो । सरकारलाई सुनाईदिनुपर्यो । मधानी महायज्ञ तपाईको प्राथमिकतामा किन पर्दैन् ? यस्तो प्राचिन महायज्ञ नै नेपालमा छैन् । तराई मधेसका धार्मिक, ऐतिहासिक, पर्यटकीय क्षेत्र किन विश्व सम्पदा सूचीमा पर्दैन ? यस्तो विभेद किन ?'

के जानकी मन्दिर, जनकपुर नेपालको भुभाग होईन ? भन्दै उनले त्यहाँ बजेटमा किन विभेद गरिएको भन्दै उनले सरकारको जवाफ माग गरेका छन् । यस्तै संचार क्षेत्रको बिभिन्न बिषयका बारेमा उनले सरकारको ध्यानाकर्षण गराएका छन् ।

## सम्पादकीय

# प्रचण्ड सरकारको असमावेशी नियुक्ति

क्रान्तिकारी, परिवर्तनकारी र समानुपातिक समावेशीका मसिहा भन्न रुचाउने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको कार्यशैली र नीतिमा कुनै मेल देखिँदैन । महान दशवर्षे जनयुद्ध गरेका क्रान्तिकारी नेता देशको प्रधानमन्त्री हुँदा सरकारका नियुक्ति र सिफारिस एकल जातीय र नश्लीय व्यवहार उदाङ्गो हुँदै आएको छ । हालै सरकारले विभिन्न देशहरुका लागि गरेको राजदूत सिफारिसमा मधेशी समुदाय शून्यकै हाराहारीमा रहेको छ । नियुक्तिमा अझै विवाद आउनुको कारण संगठनमा प्रवेश गरेको राजनीति नै हो । संस्थाहरूलाई आस र त्रासमा सञ्चालन हुने अवस्था आउन नदिन गुणदोष हेरेर नियुक्त गर्ने परिपाटीको विकास गर्नुपर्छ । नकारात्मक प्रभावबाट पनि पाठ सिक्नु आवश्यक छ । राज्यका संस्थाहरूलाई प्रभावकारी नबनाउने सरकारको प्रभाव पनि क्रमशः घट्छ । लोकतान्त्रिक शासन व्यवस्थाका प्रमुख खम्बामध्ये एक स्वतन्त्र न्यायालयलाई मानिन्छ । न्यायालयले स्वतन्त्र र निर्भिक भई निर्णय गर्न सक्ने अवस्था भएन भने लोकतन्त्र चल्दैन । स्वच्छन्द शक्तिले सरकारलाई निरंकुश बनाउन सक्छ । त्यसकारण सरकारलाई जबाफदेही बनाउन राज्यका संवैधानिक अंगहरूको यथोचित सञ्चालन अत्यावश्यक हुन्छ । यसबाहेक प्रेसले पनि निर्भीक भई काम गर्न सक्ने वातावरण पाउनुपर्छ । संवैधानिक निकायको नियुक्तिलाई पनि सरकारले व्यवस्थित तुल्याई सुशासनको प्रत्याभूति दिन सक्नुपर्छ । यसले सरकारलाई आफ्ना काम व्यवस्थित तुल्याउन सहयोगसमेत पुग्ने देखिन्छ ।

# मधेश अहिले पनि नेपाल राज्यको एउटा उपनिवेश हो


महन्थ ठाकुर

२०८० मंसिर २८ गते महोत्तरी जिल्ला अदालतले मधेशी आन्दोलनमा भाग लिएका नेताहरु अभिराम शर्मा, रामशंकर मिश्र, सुरेश पाण्डेय, धर्मेन्द्र रायलाई आजीवन कैदको सजाय सुनाएको छ । म के निवेदन गर्न चाहन्छु भने नेपाल राज्यको इतिहास कहिल्यै पनि शान्तिपूर्ण रहेन । हत्या, मारकाट, धोकाधडी, षड्यन्त्रले भरिएको यहाँको इतिहास हो । त्यसैले आजभोलि जुन घटनाहरु भइरहेका छन्, ती कुनै नौलो घटना होइनन् । त्यो राज्यको चरित्र हो । र, अदालतको पनि त्यहीं चरित्र हुन्छ जो राज्यको चरित्र हुन्छ । किनकि राज्यको नै अंग हो अदालत । राज्यको चरित्रभन्दा भिन्न अदालतको चरित्र हुँदैन । त्यसै कारण अदालतको फैसलामा पनि त्यहीं देखिन्छ ।

यहाँ पूराना पार्टीहरु सबै हतियार उठाएर नै आएका छन् ।

माओवादीहरु जनयुद्ध नै गरेर आएका छन्, आन्दोलन गरेर आएका र हतियारै उठाएका छन् । तर बताउन सक्नु हुन्छ कि उनको कुनै नेता कार्यकर्ता माथि मुद्दा छ ? छैन । अनि मधेशीहरु माथि नै किन ? मेरो यो प्रश्न छ ।

आज यो विषय उठाउनै पऱ्या छ । पटक-पटक मैले यसका लागि प्रयास गरें । जुन बेलामा केपी ओलीजी सम्माननीय प्रधानमन्त्री हुनुहुन्थ्यो, त्यस बेलामा पनि मैले यो कुरा उठाएको थिएँ । त्यस बेलामा साना-साना अपराधमा भएका, तीन वर्षदेखि कमको, १० लाखभन्दा कमको जरिवाना भएका जति पनि थिए तिनीहरुको मुद्दा फिर्ता भयो । ९३ जना महोत्तरीका मात्र मुक्त भएका थिए । तर दुईटा गम्भीर मुद्दा भएको हुनाले जसमा कि महोत्तरीको नै गम्भीर मुद्दा भनियो हत्याको र त्यस्तै टिकापुरको । यी दुईटा मुद्दा फिर्ता हुन सकेन । अहिलेसम्म पनि त्यो कारबाहीको अवस्थामा नै छ । सजाय भएको छ र जनकपुर उच्च अदालतमा अपिलमा परेको छ । त्यसबेला लाल आयोग गठन भएको थियो । अत्याचार भएको छ, त्यस बेलामा । बालकहरु मारिएका छन्, घरमा पसेर महिलाहरुसँग हातपात गरिएको छ । खाना पकाइरहेकी महिलालाई गोली हानेर मारिदिएको छ । यी विषयहरुमा हामीले अन्तर्राष्ट्रिय जगतमा पनि भनेका थियौं । तर दुःखलाग्दो कुरा के हो भने जति पनि अन्तर्राष्ट्रिय जगतमा मानिसहरु हामीसँग भेट गरे, राज्यले त भन्छ कि तपाइँहरुले गरेको आन्दोलनले अपराधीकरण गरिदियो । मलाई तपाइँहरु भन्नुहुन्छ, तर राज्यलाई किन भन्नुहुन्न ? यो कुरा त राज्यले ध्यान दिने हो । त्यस बेला मैले थाहा पाएँ कि वास्तवमा मधेश त अहिले पनि नेपाल रज्यको एउटा उपनिवेश हो । आन्तरिक उपनिवेश हो । उपनिवेशको आफ्नो बोली हुँदैन, आफ्नो भाषा हुँदैन, आफ्नो व्यक्तित्व हुँदैन । मास्टरको जुन बोली हुन्छ, त्यहीं त्यहाँको जनताको बोली हुन्छ । उसैको बोली सुन्छ, उपनिवेशको बोली सुन्दैन । हाम्रो पनि त्यहीं हालत छ । हामी जता गए पनि, जति जे भने पनि हाम्रो बोलीको कुनै महत्व छैन ।

तर, कर्तव्यवश हामी अदालतमा पनि गएका छौं । कानूनी परिबन्धमा परिसकेपछि, कानूनद्वारा नै त्यो काट्छ । अरुद्वारा होइन । सबै ठाउँमा आग्रह गरिरहेको छु । पटक-पटक आग्रह गर्दै आएका छौं ।

अर्को कुरा, जुन व्यक्तिहरुलाई सजाय भएको छ, त्यो हाम्रो पार्टीको नेता हो । अभिराम शर्मा पहिला पनि प्रदेश सांसद थिए र अहिले पनि प्रदेश सांसद भएर दलको नेता पनि हो । त्यस्तै, रामशंकर मिश्र उहाँ जलेश्वर नगरपालिकाको पूर्वमेयर । सुरेश पाण्डेय अदालतको अध्यक्ष पदमा काम गरेका थिए । धर्मेन्द्र राय एउटा नेता मात्र हो । भनेपछि यस किसिमका व्यक्तिहरु कसैको हत्या गर्न सक्छ ? जहाँ हजारौं मानिसहरु उपस्थित थिए, एउटा जुनियर पुलिस अफिसर घाइते भएर गाउँहरुले घेरेर के-के गरे । जलेश्वरमा पनि उसको मृत्यु भएको छैन । जलेश्वरमा चोटपटक लागेको र जनकपुर उपचारका लागि जाँदै गरेको अवस्थामा जनकपुर-जलेश्वर सडकमा पनि आन्दोलन भइरहेको थियो । त्यसै कारण गाउँको कच्ची सडकबाट लग्ने कोशिस भयो तर गाउँ-गाउँमा आन्दोलन भइरहेको थियो ।

*(प्रतिनिधिसभाको बैठकमा लोसपा अध्यक्ष ठाकुरले गरेको सम्बोधन ।)*

# खेर गईरहेको जमीनमा वृक्षारोपण जरूरी : उपराष्ट्रपति यादव



काठमाडौं । उपराष्ट्रपति रामसहाय प्रसाद यादवले खेर गइरहेको निजी/आवादी जमीनमा हरियाली बनाउन छिटो छरितो बढ्ने विरुवाहरुको वृक्षारोपण अभियान संचालन गरी जलवायु परिवर्तनका असरको न्यूनीकरणमा कार्ययोजनासहित रोडम्यापका साथ अघि बढ्न जरुरी रहेको बताएका छन् ।

काठमाडौंमा सोमबार पारिवारिक निजी वनबारे राष्ट्रिय कार्यशाला एवं पारिवारिक निजी वन संघ, नेपाल (एएफएफओएन) को तेस्रो राष्ट्रिय महाअधिवेशनको समुद्धाटन गर्दै उनले उक्त कुरा बताएका हुन् ।

उनले भने, 'बढ्दो बसाई-सराई, महत्वपूर्ण जैविक विविधताका क्षेत्र वरपर बढ्दो अव्यवस्थित शहरीकरण, जनताको पूर्वाधार विकासप्रतिको तीव्र चाहना र आवश्यकता, जल तथा वायु प्रदुषण, जलवायु परिवर्तनको कारणले हुने गरेको अतिवृष्टि, खण्डवृष्टि, अनावृष्टि आदि संरक्षण र दिगो विकासका लागि विद्यमान चुनौतीहरुलाई चिर्न सबै सरोकारवाला पक्ष सचेत र सावधान हुँदै दत्तचित्त भई अघि बढ्नु पर्दछ ।'

उपराष्ट्रपति यादवले वन तथा वातावरण संरक्षणमा सफल सक्रियता निर्वाह गरिसकेकाहरुलाई अग्रपंक्तिमा राखेर उनीहरुले यो क्षेत्रमा अंगालेका अनुभव साटासाट र सिकाइ-उपलब्धिहरुलाई सरोकारवाला समक्ष पुर्याउन सके निजी वनले वातावरणमा पुर्याउदै आएको योगदान थप फराकिलो र व्यापक हुन सक्ने समेत बताए ।

'जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनमा निजी वनले पुऱ्याएको योगदानको समिक्षा र मूल्यांकन सबै पक्षबाट हुनु नितान्त जरुरी छ ' उनले भने, 'यसले निजी वनको महत्व, उपादेयता, आवश्यकता र सान्दर्भिकताको औचित्यलाई पुष्टि गर्नमा सहयोग पुग्न सक्दछ ।'

उनले साझा धारणा, मुद्दा र अभियानका साथ अघि बढनेहरुबाटै देशको विकास, उन्नति, प्रगति र उन्नयन हुने उल्लेख गर्दै सबै क्षेत्र र भूगोलको निजी, आवादी जमीनमा कृषि वन तथा निजी वनको विस्तार र प्रवर्धन गरी वन पैदावरमा आत्मनिर्भर बनाउने, उद्यमशिलताको विकास गरी आर्थिक समृद्धिमा सहयोग पुग्ने कार्ययोजनाका साथ अघि बढ्ने प्रण र अठोट पनि आवश्यक रहेको बताए ।

कार्यक्रममा उपराष्ट्रपति यादवले पर्यापर्यटन विकास, वन उद्यम प्रवर्द्धनमा टेवा पुऱ्याउँदै हरित रोजगार सृजना गर्ने तथा राष्ट्रिय समृद्धि अभियानमा आजको कार्यशाला र आयोजक संस्था सफल बनोस भन्ने शुभकामना पनि व्यक्त गरे ।

# ईदुल अजहा (बकर ईद) कपिलवस्तुमा हर्सौल्लासका साथ मनाइयो

इमरान खान, कपिलवस्तु । मुस्लिम धर्मावलम्बीहरुको दोस्रो ठूलो महान चाड पर्व ईदुल अजहा अर्थात बकर ईद मुस्लिमहरुले हर्सौल्लासका साथ मनाएका छन् ।

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा, बहादुरगज, चन्द्रौटा, कृष्णनगर, मर्जादपुर, पकडी, अभिराव लगायत कपिलवस्तु जिल्लाभरि ईदुल अजहा अर्थात बकर ईद मुस्लिम धर्मावलम्वीहरु हर्सौल्लासका साथ मनाएका हुन् । विभिन्न स्थानहरुमा रहेका ईदगाह तथा मास्जिदहरुमा भेला भै सामुहिक नमाज पढेर एक आपसमा अकमाल गरि एकआपसमा जिवनभरि रहेको रिइस्वीहरुलाई आजका दिन प्रेममायामा बदलि अंकमाल गरि एकआपसमा शुभकामना आदान प्रदान गरेका छन् ।

ईदुल अजहा अर्थात बकरा ईदको नमाज पढी सके पछि मुस्लिम धर्मावलम्वीहरु आ–आफ्नो घर गई जायज मानिएका जनावरहरुलाई आफ्नो क्षमता अनुसारको कुरवानी अर्थात् बली दिने गर्दछन् ।

मुस्लिम धार्मिक ग्रन्थ अनुसार अल्लाहले सबै भन्दा प्यारो वस्तु कुरवानी मागे पछि नवि ईब्राहिम अलिहि सलामले आफ्नो प्यारो छोरा ईस्माईल अलिहि सलामको बली स्वरुप कुरवानी दिन खोज्दा अल्लाह खुशी भई ईस्माईल अलहि सलामको ठाउँमा दुम्बा अर्थात् भेडाको कुरवानी गरेको धार्मिक जन विश्वास रहेको छ ।

आजको दिनलाई उनीहरु अल्लाहले दुब्बाको कुरवानी लिएर ईस्माईल अलिहि सलामलाई बचाएको पवित्र दिनको रुपमा स्मरण गर्दै घर घरमा खसी, भेडा, रांगाहरुको बली दिएर कपिलवस्तुका मुस्लिमहरुले ईदुल अजहा अर्थात बकर ईद मनाई रहेका छन् ।

कुरवानीको मासुलाई बराबर ३ भागमा निकालेर पहिलो भागका मासुलाई गरीब तथा असहायहरु जसको कुरबानि गर्ने पैसा हुदैना उनिहरुलाई दिने र दोस्रो भागका मासुलाई साथीभाई हित्रमित्रहरुमा बाडने र तेस्रो भागमासुलाई घरपरिवारमा बनाएर खाने गर्दछन् ।

इस्लाम धर्मलम्बीहरुको दोस्रो ठुलो महान चाडपर्ब बकरा ईद इदुल अजहा २०८१ असार ०३ गते सोमबार का दिन परेकाले उक्त दिन नेपाल सरकारले सार्वजानिक विदा दिएकोमा मुस्लिम धर्मावलम्वीहरु नेपाल सरकार प्रति खुशि ब्यक्त गरेका छन् ।

मुस्लिम धर्मावलम्वीहरु इस्लामी महिनाको अन्तीम महिनाको तिन दिन १०, ११ र १२ तारिखको दिन ३ दिन सम्मा बुरबानी गर्ने गर्द छन । बकर ईदको अवसरमा मुस्लिम समुदायहरुले पढने नमाज ईदगाहमा नेपाली कांग्रेसका लुम्बिनी प्रदेश सभा सदस्य (बिधायक) सुधाकर पाण्डेय, कपिलवस्तु नगरपालिका प्रमुख सुदिप पौडेल, नेपाल पत्रकार महासंघ कपिलवस्तुका जिल्ला अध्यक्ष किरणमान बज्राचार्य, नेपाली कांग्रेसका खुर्सेद खान, मुक्तार खान तथा मुस्लिम अगुवा राउफ अहमद खानको उपस्थितिमा सम्पुर्ण मुस्लिमहरुलाई बधाई एवं शुभकामना दिएका थिए ।

यसै क्रममा मदरसा अहले सुन्नत नाईमुल ओलुम कापिलवस्तु तौलिहवाका धर्मगुरु हजरत मौलाना अलि हसन निजामी सँग सन्चारकर्मी इमरान खानले कुरबानि सम्बन्धमा गरेका कुराकानीमा कुरबानि सम्बान्धि दिएका जानकारी यसप्रकार रहेको छ :–

१ . कुरबानीको इतिहास यसप्रकार छ :- इस्लाम धर्म अनुसार कुरबानी हजरत इब्राहिम अलहीइस्लामको सुन्नत हो । सुन्नत भनेको जुन काम अल्लाहको खुसीका लागि पैगम्बरहरुले गर्नु पर्छ । अल्लाहतालाले कुरबानी आफनो अन्तीम नबी हजरत मोहम्मद मुस्तफा सल्लाहु अलैही वसल्मको उम्मतका लागि राखीएको थियो । कुरान शरिफमा अल्लाहको आदेश छ । भाग नं ३० पाठ नं. १०८ आयत नं. २ मा उल्लेख गरिएको छ । अफनो अल्लाह को लागि नमाज पढा र कुरबानी गरा कुरबानी नवीको सुन्नत पनि हो । अनि आल्लाहको हुकुम पनि कुरबानी रहेको छ । कुरबानी वाजिब इबादत हो । कुरबानी गर्नु सबैभन्दा ठुलो धर्म रहेको छ ।

२ . कस्तो व्याक्तीले कुरबानी गर्न सक्छ :- कुरबानी गर्ने व्याक्तिको जिम्मा आवश्यक्ता बहेक साढे सात तोला सुन अथवा साढे बाउन तोला चादी वा सुन चादीको मुल्य बराबारको रकम छ भने त्यस्तो व्यात्तिले कुरबानी गर्नु पर्छ । यदी त्यस्तो व्यक्तिले कुरबानी गरेन भने त्यो अल्लाहको नजरमा उक्त ब्यक्ति गुनेहगार हनेछ ।

३ . कुरबानीको मासु कसरी खाने :- कुरबानी गरेसकेपछी मासुलाई तिन भागमा बढ्नु पर्छ एक भाग गरिब लाई दिनुपर्छ । जो गरिबले विभिन्न कारणले गर्दा कुरबानी गर्न सक्दैन त्यस्तो व्यक्तीलाई दिए अल्लाहताला खुशि हुन्छन । दोस्रो भाग आफनो इष्ट मित्र नातेदार वा साथिहरुलाई खुवाउनु अथवा बाडनु पर्छ । तेस्रो भागको मासु आफनो घरको परिवारमा खानलाई दिनुपर्ने कुरा कुरानमा उल्लेख गरएिको छ ।

४ . कुरबानीका लागि कस्तो जनाबरको कुरबानि गर्नु उपयुक्त हुन्छ :- कुरबानीका लागि खसी, भेडा,गाई भैसी, रागाँ उटको कुरबानी गरिन्छ । तर हाम्रो नेपालमा हामीले गाईको पुजा गर्ने गर्दछम अनि गाई राष्ट्रिय जनावार भएकाले हामीले गाईको कुरबानी दिदैनौ बहिरी देशमा गाईको कुरबानी दिने चलन रहेको छ । गाई, भैसी, उटको कुरबानी गर्दा ७ जना मिलेर गरेपछी कुरबानी कबुल भएको मानिन्छ ।

## ग्लोबल...

लगायतका विश्वभरका विभिन्न बैंकहरुलाई विभिन्न विधामा सम्मानित गरेको हो ।

ग्राहकहरुको आवश्यकतालाई मध्यनजर गरी समयसान्दर्भिक नविनतम् सेवाहरु प्रदान गर्दै आइरहेको ग्लोबल आइएमई बैंकलाई ग्लोबल फाइनान्सबाट "नेपालको उत्कृष्ट बैंक" को सम्मानले आगामी दिनमा बैंकलाई रचनात्मक सेवाहरु प्रदान गर्न थप उत्साहित गर्नेछ ।

बैंकका ग्राहकवर्गहरुको माया, कर्मचारीवर्गको लगनसिलता, शेयरधनि महानुभावहरु, नियमनकारी संस्थाहरु, अन्य सरोकारवालाको मार्गदर्शनले ग्लोबल आइएमई बैंकलाई उत्कृष्ट बैंकमा स्थापित गरेको छ ।

**'युरोमनी अवार्ड फर एक्सलेन्स-बेस्ट बैंक नेपाल २०२२' बाट ग्लोबल आइएमई बैंक लिमिडेट सम्मानित**

सन् १९९२ मा स्थापित यो अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित र एकमात्र अवार्ड हो । बैंकले ग्राहकलाई प्रदान गर्दै आएको सेवा, बैंकिङ क्षेत्रमा नयाँ नयाँ प्रविधिको प्रयोग तथा बैंकको उच्चस्तरीय कार्यसम्पादनका लागि यो अवार्ड प्रदान गरिएको थियो ।

युरोमनी म्यागाजिन बैंकिङ क्षेत्रको गहकिलो विश्लेषण, सुझाव र समालोचनाका लागि प्रख्यात रहेको थियो । युरोमनी समूहमा बैंक तथा वित्तीय क्षेत्रका ख्यातिप्राप्त तथा अनुभवी व्यक्तिहरु रहेका छन् ।

अमेरिकाको बैंक अफ अमेरिकाले यो वर्ष विश्वको उत्कृष्ट बैंकको उपाधि प्राप्त गरेको छ ।

**रेटिङ एजेन्सी इक्रा नेपालले ग्लोबल आइएमई बैंकको A रेटिङ**

इक्रा नेपालले जारीकर्ता रेटिङमा ग्लोबल आइएमई बैंकलाई [ICRANP–IR] A प्रदान गरेको छ । यस रेटिङगले बैंकको आफ्नो वित्तीय तथा आर्थिक दायित्व समयमा नै पूरा गर्न सक्ने पर्याप्त क्षमता तथा कर्जा जोखिम न्यून रहेको जनाउँछ । बैंकको पर्याप्त तरलता तथा पूँजी कोष, कर्जाको गुणस्तर तथा मिश्रण, बृहत कार्यालय सञ्जाल, स्वस्थ व्याज आम्दानी तथा आय विवरण, सञ्चालन खर्चमा नियन्त्रण, कुशल जोखिम व्यवस्थापन अभ्यास, बलियो प्रवर्द्धक समूह, अनुभवी बोर्ड तथा व्यवस्थापन नेतृत्व आदि जस्ता तथ्यको आधारमा यस बैंकको रेटिङको स्तर वृद्धि गरिएको हो ।

**ग्लोबल आइएमई बैंकलाई "बेष्ट इन्टरनेट बैंक २०१६-नेपाल" अवार्ड**

ग्लोबल आइएमई बैंक लण्डनबाट प्रकाशित हुने प्रसिद्ध म्यागिजन "इन्टरनेशनल फाइनान्स म्यागजिन" द्वारा "बेष्ट इन्टरनेट बैंक २०१६-नेपाल" अवार्डबाट सम्मानित भएको थियो । सिगांपुरमा आयोजना भएको उक्त विशेष कार्यक्रमका बीच बैंकलाई उक्त अवार्ड प्रदान गरेको थियो

ग्लोबल आइएमई बैंकलाई गुणस्तरिय इन्टरनेट बैंकिङ्ग सेवा प्रदान गरेको आधारमा उक्त सम्मानद्धारा सम्मानित गरेको हो । ग्लोबल आइएमई बैंक नेपाली भाषा (देवनागिरिमा) इन्टरनेट बैंकिङ्ग सेवा प्रदान गर्ने नेपालमा पहिलो बैंक हो ।

बैंकले आफ्ना ग्राहकहरु माझ सहज बैंकिङ्ग सेवा प्रदान गर्ने लक्ष्यले अत्याधुनिक प्रबिधियुक्त सुरक्षित ग्लोबल अनलाईन इन्टरनेट बैंकिङ्ग तथा ग्लोबल स्मार्ट प्लस मोबाइल बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ । बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुर्‍याउने उद्देश्यले बिभिन्न स्थानमा शाखा, एक्सटेन्सन काउण्टर तथा शाखारहित बैंकिङ्ग सेवा माफर्त आफ्ना ग्राहकहरु माझ सेवा प्रदान गर्दे आइरहेको छ ।

**ग्लोबल आइएमई बैंक बन्यो सबैभन्दा बढी कर दाखिला गर्ने बैंक तथा वित्तीय संस्था**

ग्लोबल आइएमई बैंक लिमिटेड बैंक तथा वित्तीय संस्थाको कारोबार गर्ने संस्थामध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने बैंक तथा वित्तीय संस्था बनेको छ । बैंकले आर्थिक वर्ष २०७८/७९ मा ३ अर्ब २० करोड रुपैयाँ कर दाखिला गरेको थियो ।

आन्तरिक राजश्व कार्यालयले राष्ट्रिय कर दिवस २०८० को अवसरमा आयोजित कर सप्ताह समापन समारोहमा बैंक तथा वित्तीय संस्थाअन्तर्गत सर्वाधिक कर तिर्ने करदातामा ग्लोबल आइएमई बैंकलाई सम्मान गरेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि अर्थमन्त्री डा. प्रकाशशरण महतले ग्लोबल आइएमई बैंक लिमिटेडका अध्यक्ष चन्द्रप्रसाद ढकाललाई सर्वाधिक कर दाखिला गरेको कदर स्वरुप सम्मान पत्र प्रदान गर्नुभएको छ ।

ग्लोबल आइएमई बैंक लिमिटेड विभिन्न सूचकहरुमा नेपालको सबैभन्दा ठुलो बैंकको रुपमा स्थापित छ ।

सन् २००७ मा वाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोबार सुरुवात गरेको ग्लोबल आइएमई बैंकले आफ्नो बैंकिङ्ग यात्रामा विभिन्न २१ वटा बैंक तथा वित्तीय संस्थाहरु मर्जर तथा प्राप्ती गरी सबल र उत्तरदायी बैंकको रुपमा स्थापित भएको छ ।

आफ्नो व्यवसायको गुणात्मक वृद्धिका लागि लक्ष्य २०२५ अनुशरण गर्दै कार्यसम्पादन गर्दै आईरहेको ग्लोबल आइएमई बैंकले प्रविधिमैत्री बैंकिङ्ग सेवा तथा सुविधाको पहुच विस्तार गरी सन् २०२५ सम्म आफ्नो व्यवसाय दोब्बर बनाउने लक्ष्य लिएको छ ।

# शून्य करको नीति लिएकी मेयर रिना साहको कामबाट स्थानीय खुशी

रौतहट । मधेश प्रदेशकै एक र पहिलो महिला मेयर रिनाकुमारी साहको जनपक्षीय कामले अहिले चौतर्फी चर्चा भईरहेको छ । रौतहटको मौलापुरकी मेयर साहले जनताको पक्षमा गरेको बिभिन्न कामले उनी चर्चामा रहेकी छन् ।

मेयर साहले 'फ्री बिजुली, फ्री पानी' कार्यक्रम अन्तरगत बिधुत महसुलको तेस्रो किस्ता वापत ४५ लाख २६ हजार रकम आज बिद्युत प्राधिकरणलाई बुझाएकीक छन् । घरायसी मिटर र कृषी मिटरको सम्पूर्ण रकम नगरपालिकाले तिर्दै आएका छ ।

मेयर साहले बिद्युत प्राधिकरण मौलापुर शाखाका प्रमुख दिनेश यादवलाई सो वापतको चेक हस्तान्तरण गरेकी हुन् । मौलापुरका जनताले बुझाउनुपर्ने विद्युत महसुलको तेस्रो किस्ता नगरपालिकाले नै बुझाएको हो । यस अघि सोही कार्यक्रम अन्तरगत चालु




आर्थिक बर्षमा मात्रै अहिले सम्म ३ करोड ४३ लाख ५० हजार रकम नगरपालिकाले बुझाइसकेको छ ।

विगत पाँच बर्षदेखी मौलापुर नगरपालिकामा मेयर साहले 'फ्री बिजुली, फ्री पानी' कार्यक्रम लागु गर्दै जनताले तिर्नुपर्ने घरायसी र कृषि मिटरको रकम नगरपालिकाले तिर्दै आएको छ ।

यस्तै मौलापुरकी मेयर साहको पहलमा कानून अनुसार विवाह गर्न उमेर पुगेका गरिब, असहाय परिवारका छोरीको विवाहका लागि नगद ३० हजार रुपैया उपलब्ध गराउँदै आएकी छन् । 'असहायका साथ मेयर' भन्ने कार्यक्रम अन्तरगत सो रकम मौलापुर नगरपालिकाले उपलब्ध गराउँदै आएको छ ।

मेयर साहकै पहलमा मौलापुर नगरपालिकामा मालपोत शुल्क, नागरिक्त्ता सिफारिस, विवाह दर्ता, मृत्यु दर्ता लगायतका बिभिन्न सिफारिसहरुको समेत शुल्कहरु शुन्य बनाइएको छ । शुन्य शुल्कको नीति लिएको मौलापुरको यस्तो कामले सर्वसधारण खुशी व्यक्त गर्दै आएका छन् ।

मौलापुर नगरपालिकाको दोस्रो कार्यकालका लागि मेयरमा निर्वाचित साहले नगरपालिकामा शुन्य शुल्कको नीति लागु गरेकी छन् । मौलापुर नगरपालिका ३ गम्हरियाका अनुरुद्ध यादवले नगरपालिकाका मेयर साहको पहलमा जनताको पक्षमा भएको जनपक्षीय कामले सबैको मनछोएको बताए ।

'नेपालमा धेरै पालिकाहरु छन् । तर हाम्रो पालिकाका मेयर रिना साहज्यूको कारण यहाँ पानीको बिल, खेतीगर्दा उठने विधुतको बिल सबै नगरपालिकाले तिर्छ । हाम्रोमा मालपोतको शुल्क होस वा अन्य कुनै सिफारिसको शुल्क लाग्दैन् । यस्तो मेयर मधेसमा मात्रै होईन नेपालमै छैन् । हामी धेरै खुशी छौं । यस्तो सेवा निरन्तर जारी रहोस्' यादवले भने ।

मौलापुर नगरपालिका ९ सोनरनियाका उर्मिला पासवानले मेयर रिना साह वास्तवमा गरिबको मेयर रहेको बताइन । 'यहाँको गरिब, असहाय परिवारका छोरीको विवाहमा ३० हजार नगद होस वा अन्य शुल्क मिनाहा गरिएको छ । हामीले तिर्नुपर्दैन, नगरपालिकाले नै तिर्छ । हामीले दिएको मतको कदर भएको छ' पासवानले भनिन् ।

यस्तै सोही ठाउँकी पवित्रा देवीले मौलापुर नगरपालिकाको बिभिन्न सेवाहरु निशुल्क उपभोग गर्न पाउँदा खुशी लागेको बताइन् । 'जनताको पक्षमा निर्णय गर्ने र कार्यान्वयन गर्ने यस्तो मेयर पाउनु हाम्रो लागि गर्वको बिषय हो । मौलापुरकी मेयर रिना साहबाट अरु मेयरले यस्तो कुरा सिकेर लागु गर्दा राम्रो हुन्छ' देवीले भनिन् ।


- सडक हाम्रो साझा सम्पत्ति हो, संरक्षण गरौं ।
- सडकमा निर्माण सामग्री नथुपारौं ।
- सडकको सीमा अतिक्रमण गरी घर टहरा निर्माण नगरौं ।
- सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- सडक लिकेज भएका खानेपानी पाइप तथा ढलको समयमै मर्मत गरौं ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**आयोजना निर्देशनालय (ए.डी.बी.)**


## जिल्ला समाचार

### लालबन्दीमा 'मधेशी-पहाडी एकता सभा' सम्पन्न

सर्लाही । राष्ट्रिय मुक्ति क्रान्ति सम्बद्ध मधेश ब्यूरो र चुरे सिवालिग विशेष ब्यूरोको आयोजना र संविधानसभा सदस्य तथा पुर्व मन्त्री राम नरेश रायको अध्यक्षतामा "मधेशी-पहाडी एकता सभा" कार्यक्रम गरिएको छ । लालबन्दीको खेल मैदानबाट शुरु भएको र्याली तरकारी बजार चौकमा पुगी सभामा परिणत भएको थियो। स्थानीय युवा नेता जिगमेला बमजनले कार्यक्रम संचालन गरेका थिए। कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक तथा पुर्व उप्रधानमन्त्री राजेन्द्र महतोले मधेश आन्दोलन ताका राज्यले मधेशको मुद्दालाई ओझेलमा पार्न पहाडी विरुद्धको आन्दोलन भनि गलत भाष्य निर्माण गरेको बताए । त्यही भास्यलाई चिर्न र सबै उत्पीडित जाति र समुदायको माग मुद्दा पुरा गराउन मधेशी पहाडी एकता सभाको आयोजन आवस्यक रहेको बताए । महतोले लोकतान्त्रिक आन्दोलनको कार्यभार पुरा नभएकोले आफुहरुलाई राष्ट्रिय मुक्ति क्रान्ति गर्नु परेको बताए । अर्का नेता केशव झाले देशका सबै उत्पीडितहरु अहिलेसम्म छुट्टाछुट्टै संघर्ष गरेकाले कसैले केही प्राप्त गर्न नसकेको बताए। त्यसकारण आदिवासी जनजाति , मधेशी, उत्पीडित खस आर्य सबै मिलि संघर्ष गर्नुको विकल्प नरहेको बताए । मधेशमा तराई, पहाड, हिमाल सबै भुगोलका बासिहरु बस्ने भएकोले आपसी सदभाव र सहअस्तित्व स्वीकार गर्नु पर्ने बताए। कार्यक्रममा तामाङ धेदुङका राष्ट्रिय अध्यक्ष मोहन गोले, राष्ट्रिय मुक्ति क्रान्तिका नेतागण कमला गुरुङ, सुमन सायमी,राजिव झा, बुद्धछिरिङ मोक्तान , जुनतारा पुन मगर, कौशल सिंह कुशवाहा, नेजामुदिन समानी, रमण पाण्डेय, नेरुता मोक्तान , हुसेन खान, बिनोद साह, जिवन तामाङ, राजेश यादव लगायतका नेताहरुले सम्बोधन गरेका थिए ।

### स्थानीय सुरक्षा समितिको बैठक सम्पन्न

सप्तरी । बलान बिहुल गाउँपालिकामा स्थानिय सुरक्षा समितिको बैठक सम्पन्न भएको छ । गाउँपालिका प्रमुख खेमचन्द्र यादवको अध्यक्षतामा बसेको बैठकले विभिन्न स्थानहरुमा भइरहेको अपराधिक तथा अराजक गतिविधिलाई मध्यनजर गर्दै त्यस्ता गतिविधि हुन नदिनका लागि गहन छलफल गरिएको छ । अन्य छिमेकी जिल्लाहरुमा भइरहेको चोरी, डकैती जस्ता घटनाले यस पालिकाको जनता पनि त्रसित भएको भन्दै सुरक्षा समितिको बैठकले रातीको समयमा प्रत्येक गाउँबस्तीहरुमा अनिवार्य रुपमा गस्ती गर्नुपर्ने, सवारीसाधन चेकजाँचमा कडाइ गर्नुपर्ने, रक्सी पसलहरु राती ८ बजे बन्द गराउनुपर्ने र मादकपदार्थ सेवन गरी गाउँ टोलमा होहल्ला गर्नेलाई नियन्त्रणमा लिनु पर्ने लगायतका निर्णय गरेको हो । बैठकमा पालिका भित्र रहेका सुरक्षा संयन्त्र बिओपी रामनगर, बिओपी बेल्ही, प्रहरी चौकी बेल्हि, प्रहरी चौकी कोदरकट्टी, प्रहरी चौकी मल्हनियाँ र नगर प्रहरीका प्रमुखहरु उपस्थिति रहेको थियो । साथै कट्टान, डुबान, बाढी, पहिरो जस्ता विपदले हुन सक्ने जनधनको क्षति रोक्नका लागि पूर्वतयारी गर्ने निर्णय समेत गरिएको छ ।

### सुन र नगदसहित चिनियाँ पक्राउ

काठमाडौं । करिब ६ किलो सुन र स्रोत नखुलेको नगदसहित एक चिनियाँ नागरिकलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले पक्राउ गरेको छ । सीआईबीले कपनबाट ६ किलो सुन र ४८ लाख रुपैयाँसहित आइतबार राति एक चिनियाँ नागरिकलाई पक्राउ गरेको हो । पक्राउ परेका चिनियाँ नागरिक यसअघि पनि सुन तस्करीमा संलग्न रहेर प्रहरीको खोजी सूचीमै रहेको व्यक्ति रहेको सीआईबी स्रोतले जनाएको छ । कपनबाट अहिले बरामद भएको सुन १ किलो लेखिएको ६ थान रहेको छ । उक्त सुन ६० किलो र विद्युतीय चुरोट (भेप)मार्फत नभई स्थलमार्गबाट तस्करी भएर आएको हुनसक्ने सीआईबीले जनाएको छ ।

### कपनबाट सुन र नगदसहित पक्राउ परेका चिनियाँसँग नेपाली नागरिकता

काठमाडौं । कपनबाट ६ केजी सुन र स्रोत नखुलेको नगदसहित पक्राउ परेका चिनियाँसँग नेपाली नागरिकता भेटिएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो ( सिआइबी)ले आइतबार कपनबाट शेरब ग्याल्बो भन्ने सोनामा गुरुङलाई पक्राउ गरेको हो। गुरुङसँग नेपाली नागरिकतासमेत भेटिएको र त्यसउपर छुट्टै अनुसन्धान हुने सिआइबीका एसपी होबिन्द्र बोगटीले बताएका छन् । उनी ब्रेकसुमा लुकाएर सुन तस्करी गर्ने गिरोहका सदस्य हुन् । उनीसँग स्रोत नखुलेको ४८ लाख रुपैयाँसमेत प्रहरीले बरामद गरेको छ । लामो समयदेखि नेपालमा बस्दै आएका गुरुङ क्रिप्टोकरेन्सी तथा युएसडिटीको अवैध कारोबारमा समेत संलग्न रहेको सिआइबीले जनाएको छ ।

### ढिस्कोमा पुरिएर तीन महिलाको मृत्यु

नवलपरासी पूर्व । कावासोती नगरपालिका-३ फलफुल चोकस्थित करिब २० फिट गहिरो निर्माणाधीन नालामा काम गर्ने क्रममा सोही ठाउँमा खनी जम्मा पारेको माटोको ढिस्को खसेर ३ जना महिलाको मृत्यु भएको छ । नगरपालिकाद्वारा ढल निकासीको होम पाईप राख्नको लागि बनाउँदै गरेको उक्त नालामा अचानक माटोको ढिस्को खस्न गई सोही निर्माण कार्यमा काम गर्ने ३ जना महिला कामदार पुरिएर मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्वबाट खटिएको प्रहरीले तीनै जनालाई उद्दार गरी उपचारको लागि मध्यविन्दु जिल्ला अस्पताल डण्डा पठाएकोमा उनीहरूको उपचारको क्रममा मृत्यु भएको थियो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

### करेन्ट लागेर मृत्यु

मोरङ । जहदा गाउँपालिका-१ झैलाचोक बस्ने ४५ वर्षीया रेवती सरबरीयाको करेन्ट लागेर बिहीबार दिउँसो मृत्यु भएको छ । आफ्नै घरमा मोटर चलाई लुगा धुने क्रममा विद्युत सर्ट भई करेन्ट लागेर गम्भीर घाइते भएकी उनको मकालु अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै करेन्ट लागेर घाइते भएकी उनकै बुहारी २५ वर्षीया चन्द्रिका सरबरीयाको कोशी अस्पताल बिराटनगरमा उपचार भइरहेको छ ।

### सर्पको टोकाइबाट एक बालकको मृत्यु

रविन्द्र यादव, पश्चिम नवलपरासी । प्रतापपुरमा सर्पको टोकाइबाट एक बालकको मृत्यु भएको छ । नवलपरासी पश्चिमको प्रतापपुर गाउँपालिका-६ हरपुरका मोतीलाल चमारको ६ वर्षीय छोरा सन्नी चमारको सर्पको टोकाइका कारण मृत्यु भएको हो । शुक्रबार बिहान १० बजे खाना खाएर गाउँका केही बालबालिका संग घरदेखि १०० मिटर दक्षिण दिशामा रहेको बगैंचामा खेल्न गएको बेला सर्पले टोकेको हुनसक्ने मृतकका बुवा मोतीलाल चमारले बताए । ११ बजेतिर बालक एक्कासि रुदै घर फर्केर आएपछि आमाले किन रुदै छौ ? बाबु भनेर सोधिरहदा बालकले खुट्टामा काटी गडेको भनेका थिए, आमाले सर्पले टोकेको आशंकामा उपचारको लागि भारतको निचलौल स्थित सर्पदंश उपचार केन्द्रमा लगेकी थिइन् । त्यहाँका डाक्टरले रिफर गरेपछि नवलपुर जिल्लाको त्रिबेणीस्थित सर्पदंश उपचार केन्द्रमा बालकको उपचार गराउन पुर्‍याइए पनि बालकको मृत्यु भएको परिवारजनले बताएको छ । उपचार केन्द्रमा ल्याइ पुर्‍याउनुभन्दा पहिले नै बालकको मृत्यु भइसकेको त्रिवेणी स्थित सर्पदंश उपचार केन्द्रले बताएको छ । बालकको बाटोमा नै मृत्यु भइसकेकाले केन्द्रमा ल्याएर उपचार सुरु गर्ने अवस्था नरहेको सर्पदंश उपचार केन्द्र त्रिवेणीले जनाएको छ । छोराको मृत्यु पछि आमाको अचेत अवस्थामा प्रतापपुर-२ गोपीगंजको प्रभा हेल्थ सेन्टरमा उपचार भइरहेको पारिवारिक स्रोतले जनाएको छ ।

### करेन्ट लागेर किशोरको मृत्यु

कैलाली । धनगढी उपमहानगरपालिका-२ बैयाबेहडी बस्ने १६ वर्षीय विवेक खड्काको करेन्ट लागेर शनिबार बिहान मृत्यु भएको छ । आफ्नै घर नजिक रहेको आपको रूखमा फलामको रडले आप झार्ने क्रममा विद्युतको मेन लाईमा छुन गई करेन्ट लागेर गम्भीर घाइते भएका उनको मायामेटो अस्पताल धनगढी कैलालीमा उपचारको क्रममा मृत्यु भएको हो ।

